# मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

Mission News National Weekly

www.missionenews.com

बेस्ट कर्णाली मिडिया

वर्ष-४ | अंक-१० | २०७६ असोज ०८ गते बुधबार | 25 September 2019 Wednesday | मूल्य रू. १०/-



भष्ट्राचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं।

घुस लिने दिने दुवै उतिकै दोसि हुन।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## कर्णालीमा लोप हुँदै मार्सी धान

मिसन न्यूज

कालिकोट

झण्डै ३० वर्ष अघि कालिकोटमा सेतो चामल देख्नै पाइँदैन थियो । त्यो बेला करिब २६ दिन लगाएर भोट (चीन) र मधेस (तराई)बाट थाप्लोमा नुन बोकेर खान बाध्य यहाँका नागरिकले कहिल्यै चामल किनेर खाएनन्। जिल्लामा प्रसस्त मात्रामा कालो मार्सी उत्पादन हुन्थ्यो । सोही मार्सीको रातो चालमको स्वादले स्थानीयको भोको पेट भरिन्थ्यो। तर, पछिल्ल्लो समय जिल्लामा मार्सी लोप हुँदै गएको छ। मेहनतअनुसार मार्सी नफल्दा स्थानीयले यसको खेती गर्न छोडेका हुन् । गाउँगाउँमा हाटबजार विस्तारसँगै सेतो चामलको पर्याप्त उपलब्धताले कालो मार्सीको खेतीतर्फ स्थानीयको आकर्षण घटेको हो।

जिल्लाको रास्कोट नगरपालिका २ का परिलाल न्यौपानेले भने, 'केही वर्षअघि रास्कोटको मार्सी मुगुको गमगडी र सुर्खेतसम्म बिक्री हुन्थ्यो, अहिले गाउँमा कहिलेकाँही खानका लागि समेत पाइदैन।' झण्डै ५ रोपनी खेतमा मार्सी धानकै खेती गर्ने जिल्लाका अगुवा किसान न्यौपाने अहिले व्यावसायिक तरकारी खेतमा लागेका छन्। पाँच बोरा धान फल्ने खेतबाट २५ बोरा चामल किन्न सकिने गरी तरकारी फलाउन थालेको उनले बताए । तिलागुफा नगरपालिकाका कृषक टेकबहादुर शाहीले मार्सी संरक्षणका लागि अभियान थाल्नुपर्ने बताए । त्यस्तै जुम्लामा यतिबेला मार्सी काट्ने चटारो छ । किसानले खेतबाट मार्सी काटेर घर भित्र्याएका छैनन् ।



पलाँताको फागोटीमा स्थानीयले लगाएको धानको कुनियाँ। तस्विर : मिसन न्यूज

तर मार्सी धान किन्ने व्यापारी खेतमै पुग्न थालेका छन्। विश्वकै अग्लो स्थानमा फल्ने जुम्ली मार्सी चामलको स्वदेश र विदेशमा माग बढेपछि व्यापारी धान खरिदका लागि खेतमा पुग्न थालेका हुन्। दसैं मनाएर धान भित्र्याउन व्यस्त किसान मार्सीकै परीकारसँग तिहार मनाउने तयारीमा छन्। व्यापारी जतिसक्दो बढी मार्सी खरिद गर्न जुटेका छन्।

अन्य जिल्लाको तुलनामा चिसोका कारण जुम्लामा जेठमा रोपेको मार्सी असोज अन्तिममै पाक्छ। मार्सीको चर्चा र गुणस्तरका कारण माग ह्वातै बढेको छ। 'मार्सी किन्ने व्यापारी घरमै आइपुग्छन्, कतिपयले अग्रिम पैसा दिन खोज्छन्', तातोपानीका कृषक नरबहादुर बुढाले भने, 'जति धेरै मार्सी उत्पादन गर्‍यों त्यति धेरै पैसा आम्दानी हुन्थ्यो तर दुःखअनुसार मार्सी उत्पादन नहुँदा समस्या छ।' देशमा मार्सी चामलको ब्रान्ड बनेपछि व्यापारी घरमै पुगेर प्रतिकिलो एक सय रुपैयाँमा मार्सी चामल खरिद गर्न थालेका हुन्। केही वर्ष यता सुर्खेत, नेपालगन्ज, काठमाडौंलगायत जिल्लामा मार्सी चामल बिक्री गर्दै आएका व्यापारी एकराज गौतमले बजार मागअनुसार मार्सी आपूर्ति गर्न नसकेको बताए। काठमाडौंमा मार्सी बेच्दै आएकी सन्जु तिमिल्सिनाले ग्राहकको मागअनुसार मार्सी चामल आपूर्ति गर्न नसकेको बताइन्। उनका अनुसार मार्सी चामलबाट कृषकभन्दा व्यापारीलाई दोब्बर फाइदा छ।

**उत्पादन कम, माग बढी**

जुम्लामा उत्पादन हुने मार्सीसँगै अर्गानिक वस्तुको माग बढे पनि यसको उत्पादन भने घटेको छ। जिल्ला कृषि कार्यालयका अनुसार खेतीयोग्य जमिनमा अव्यवस्थित सहरीकरण र जलवायु परिवर्तन बढ्दै जानु, बालीचक्र फेरिनु तथा पछिल्लो पुस्ताको कृषिप्रतिको मोह घट्नुका कारण मार्सी उत्पादनमा कमी आएको कृषि विज्ञ

बाँकी ८ पेजमा.....

## कर्णालीमा आउने कर्मचारीलाई थप सुविधा

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेश सरकारले कर्णालीमा आउने कर्मचारलिाई थप सुविधाको व्यावस्था गर्ने निर्णय गरेको छ। यस प्रदेशमा आउनको लागि कठिनाई मान्ने कर्मचारीलाई यस्तो सुविधा गरेको हो। कर्मचारी अभाव झेल्दै आएको कर्णाली सरकारले प्रदेशमा आउने कर्मचारीलाई थप सुविधा दिने तयारी गरेका छन्।

कर्मचारीको छनोटमा कर्णाली नपरेपछि प्रदेश सरकारले थप सुविधासहित कर्मचारीलाई आकर्षित गर्ने तयारी गरेको कर्णाली प्रमुख सचिव केवलप्रसाद भण्डारीले बताए । कर्मचारी अभावका कारण वर्षेनी सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका समस्या परेको छ । कर्मचारीलाई आकर्षित गर्न नयाँ योजना ल्याउन लागेको उनले बताए। कर्मचारीको थप सेवाका लागि कर्णालीका १० जिल्लालाई चार




भागमा वर्गीकरण गरिएको छ । त्यसैअनुसार थप सुविधाको योजना ल्यानइने प्रमुख सचिव भण्डारीले बताए । पहिलोमा हुम्ला, दोस्रोमा डोल्पा, मुगु, जुम्ला र कालिकोट, तेस्रोमा दैलेख, सल्यान, जाजरकोट र पश्चिम (रुकुम) तथा चौथोमा सुर्खेतलाई वर्गीकरण गरिएको छ। त्यही वर्गीकरणअनुसार सरकारी कर्मचारीलाई महँगी भत्ताको व्यवस्था गरिने उनले बताए।

कर्णालीका १० जिल्लामा स्थापना गरिने प्रदेश सरकारका एक सय ५९ कार्यालयका लागि दुई हजार पाँच सय ५५ कर्मचारीको दरबन्दी सिर्जना गरिएको छ। त्यस्तै, संघीय सरकारले स्वीकृत गरेको एक हजार नौ सय ९२ जनाको दरबन्दीमा पनि एक हजार एक सय कर्मचारी मात्र कर्णालीमा आएका छन्। जसले गर्दा चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि समस्स्या भएको छ । अब कर्णाली आउने कर्मचारीलाई थप महँगी भत्ता प्रदान गरिने प्रमुख सचिव भण्डारीले बताए । 'जिल्ला वर्गीकरणअनुसार प्रदेश सरकारले थप सुविधा प्रदान गर्नेछ,' उनको भनाई रहेको छ।

## विद्यालय नियमित जाने बनायो झोलुंगे पुलले

मिसन न्यूज

कालीकोट

वर्षातको समयमा अधिकांश दिन विद्यालय जान मुस्किल थियो । बालबालिका एक्लै खोला तर्न नसकेपछि अभिभावक आफैंले जोखिम मोलेर खोला तार्ने र विद्यालय समय सकिएपछि लिन जानुपर्ने अवस्था थियो । वर्षौंदेखि यस्तै समस्या खेप्दै आएका जिल्लाको नरहरिनाथ गाउँपालिका लालुका स्थानीयलाई खहरे खोलामा झोलुंगे पुल निर्माण हुँदा गाउँमा ठूलै हर्ष छाएको छ । पुल नहुँदा वर्षाको समयमा कोटवाडा र लालु गाँउ आवत-जावतमा मुस्किल थियो। सडक नपुगेको यो ठाँउमा पैदल हिँडेर किनमेलका लागि रगाडा बजार आउनुपर्ने बाध्यता थियो। तर अब पुल निर्माण भएपछि जंगार तरेर ओहोर-दोहोर गर्नु पर्ने बाध्यता हटेकाले स्थानीयले राहतको महसुस गरेका छन्। नरहरिनाथ गाँउपालिका-२ कोटवाडा र वडा नम्बर ८ लालु गाउँलाई जोड्ने गरी झोलुंगे पुल निर्माण भएको हो । पुल निर्माण



भएपछि स्थानीय उत्पादन बजारसम्म लैजान पनि सहज हुने भएको छ । औषधि उपचारका लागि बोकेर लैजानुपर्ने बाध्यता थियो। अब पुल तरेर ओल्लो गाउँ पोल्लो गाउँ गर्न पाउँदा स्थानीय खुसी छन् । 'युवा र प्रौढ उमेरका मानिसहरु जोखिम मोलेर भए पनि खहरे खोला तर्ने गर्दथे,' स्थानीय विद्यार्थी सुस्मा विस्टले भनिन, 'हामी विद्यालय उमेरका बालबालिका भने खोला बढेको दिनमा विद्यालय नै जादैनथ्यौं। अब भने ढुक्कले हिउँद र वर्षा दुवै समयमा विद्यालय जान पाइने भइयो।' गाउँपालिका भए पनि गाउँपालिकामा रहेका ९ वटै वडाहरुमा सडक पुगेको छैन ।

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## अवरोध हटाउने होकी ?

नेपालको दुईतिहाइ व्यापार भारतसँग निर्भर छ। विश्वका प्रमुख अर्थतन्त्रमध्येको एक भारत सन् २०५० भित्र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने अनुमान गरिएको छ। उदीयमान र विशाल अर्थतन्त्र भारतसँग नेपालको व्यापारिक सम्बन्ध मजबुत हुँदा भारतको आर्थिक विकासको लाभ नेपाललाई हुनेछ। आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले बहुआयामिक सम्बन्ध रहेको भारतको विकासको नेपालमा 'ट्रिकल डाउन' अपेक्षित हो। तर, भारतसँगको व्यापारमा नेपालले ठूलो व्यापार घाटाको सामना गरि रहेको छ। व्यापार घाटाको यो खाडल बढ्दो छ। गत आर्थिक वर्षमा मात्रै नेपालले भारतबाट ९ खर्ब १७ अर्ब ९५ करोड रुपैयाँको आयात गरेकोमा ६२ अर्ब ७३ करोड रुपैयाँको निर्यात गरेको छ। एक आर्थिक वर्षमा नेपालले भारतसँगको व्यापारमा ८ खर्ब ५५ अर्ब रुपैयाँको व्यापार घाटा व्यहोरेको छ।

नेपालले भयावह व्यापार घाटा कम गर्न नेपाली वस्तुको सौबिध्यपूर्ण बजार सुविधा तथा भारतीय लगानी नेपालमा ल्याउन भारत सरकारसँग पहल गरिरहेको छ। नेपाल-भारत वाणिज्य सन्धि, पारवहन सन्धि, रेल सन्धिको नवीकरणबाट नेपालले भारततर्फ निर्यात वृद्धि, नेपालमा लगानी वृद्धि र ढुवानी लागत र अन्य लजिस्टिकको लागत न्यूनीकरण गर्न चाहेको छ। नेपालले भारतसँगको व्यापारमा मात्र होइन, तेस्रो मुलुकसँग हुने व्यापारमा समेत भारतको मार्ग भएर व्यापार गर्दै आएको छ। ढुवानी लागत न्यूनीकरणका लागि पारवहनका अवरोध कम गर्ने तथा लागत न्यूनीकरणका लागि रेल र पानीजहाजको प्रयोगलाई बढावा दिन दुवै मुलुक सहमत भएका छन्। यही सहमतिका आधारमा सन्धि नवीकरण भई कार्यान्वयनमा आउनुपर्छ। नेपाल र भारतको वाणिज्य सन्धिमा केही असमान प्रावधान छन्।

नेपालले कुनै पनि मुलुकसँग व्यापार र लगानी सम्बन्ध विस्तार गर्ने क्रममा उक्त मुलुकलाई दिएको सुविधा स्वतः भारतले पनि पाउनेछ। अर्कोतर्फ बहुपक्षीय र क्षेत्रीय व्यापार सम्झौताका विपरीत कोटा प्रणाली, मूल्य अभिवृद्धिको सीमामा पनि पुनरावलोकन जरुरी छ। अर्कोतर्फ, भारत सकारको अस्थिर नीतिका कारण समय-समयमा नेपालबाट भारतीय बजारमा हुने निर्यात प्रभावित भएको छ। कृषिजन्य अदुवा, अलैंचीलगायतका वस्तुदेखि औद्योगिक जुटका वस्तु निर्यातमा समेत निर्यातकर्ताले विगतमा अनेकौं झमेला व्यहोर्नुपर्‍यो।


## हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।

**हिन्दुहरूको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं।**

जसीप्रसाद पाण्डे (नगर प्रमुख)
विजया विष्ट (नगर उपप्रमुख)

**खाँडाचक्र नगरपालिका कालिकोट**

खड्कराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

वडा अध्यक्ष

गणेशबहादुर शाही वडा नं. १
विर्खसिंह विक वडा नं. २
महादेव पाण्डे वडा नं. ३
धनसिंगे कामी वडा नं. ४
खडानन्द चौलागाई वडा नं. ५
जगदिश शाही वडा नं. ६
रजबहादुर मल्ल वडा नं. ७
आदिचन्द चौलागाई वडा नं. ८
गोविन्दबहादुर मल्ल वडा नं. ९
डिलबहादुर शाही वडा नं. १०
पुष्पराज गिरी वडा नं. ११

## हार्दिक शुभकामना

गाउँपालिकालाई हरियाली गाउँबनाउन सबै नागरिकको मौलिक अधिकार हो।

**हिन्दुहरूको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं।**

भरतकुमार विक (आकास) (प्रबक्ता)

**सान्नी त्रिवेणी गाउँपालिका , कालिकोट**


## रास्कोटको सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

रास्कोट नगरपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

महावै गाउँपालिका कार्यालय
कालिकोट

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

रुख रोपौं,वन जोगाऔं

# इन्टरनेटको बढ्दो प्रयोग र गोपनीयताको सवाल



**डा. राजु अधिकारी**

सूचना प्रविधिको तीव्र विकासले समाजमा धेरै कुरा सजिलो बनाइदिएको छ । हजारौं किलोमिटर दूरीमा रहेका परिवार र साथीभाइसँग हामी घरमा बसेजस्तै गरी कुरा गर्न सक्छौं । इन्टरनेटमा ज्ञानको भण्डार छ र अधिकांश ज्ञान जसले पनि चाहेमा सित्तैंमा प्राप्त गर्न सक्छ । विश्वका कुना कुनामा भइरहेका गतिविधि हामी मिनेट मिनेटमा थाहा पाउछौं । चिकित्सकहरूले दुर्गम क्षेत्रका बिरामीलाई सहरको आरामदायी अस्पतालको कोठामा बसेर जाँच्न सक्छन् । तस्बिर खिच्न पहिलेको जस्तो क्यामेराको रिल किन्नुपर्ने झन्झट छैन । कुनै भाषा नआएर विदेशमा समस्या परेको छ भने भाषा अनुवाद गर्ने एपहरूले सजिलै समस्या समाधान गरि दिन्छन् । सित्तैंमा लाखौं सङ्गीत, भिडियो र सिनेमा हेर्न पाइन्छ । समाचार पढ्न पत्रिका किन्नु पर्दैन । बिजुली र पानीको बिल भुक्तानी गर्न घाममा पसिना चुहाएर लाइनमा बस्नु पर्दैन ।

यी त केही सामान्य र दैनिक जीवनमा मानिसले प्रयोग गर्ने उदाहरण मात्र हुन् । त्यसबाहेक तपाईं पैसा झिक्न या राख्न बैङ्क जानु पर्दैन । कोठाको ढोकाको साँचो बिर्स्यो कि भन्ने चिन्ता नगरे हुन्छ किनकि तपाईंको हातको औंला नै तपाईंको साँचो भइसकेको छ । कतै जानु पर्यो भने बाटो भुलिएला भन्ने पनि पीर गर्नु पर्दैन । तपाईंको मोबाइलमा भएको एपले नै तपाईंलाई गन्तव्यमा पुर्याउँछ । सामान किन्न पसलमा नै जानुपर्ने आवश्यकता छैन । तपाईंलाई चाहिने हरेक सामान एक क्लिकमा तपाईंको ढोकामै आइपुग्छ । अझ त्योभन्दा पनि माथि हेर्ने हो भने निकट भविष्यमै तपाईंले आफ्नो गाडी पनि चलाउनुपर्ने छैन । सबै गाडीहरू स्वचालित हुनेछन् । डाक्टरहरूले औषधिको नाम सम्झनुपर्ने छैन । कुन बिरामीलाई कस्तो औषधि दिने भन्ने कम्प्युटरले नै निर्णय गर्नेछ । रोबोटहरूले निकै अनुभवी डाक्टरले भन्दा राम्रोसँग बिरामीको शल्यक्रिया गर्नेछन् । त्योभन्दा पनि बढी अनि आधुनिक अरू धेरै कुरा निकट भविष्यमा हुने निश्चित छ जुन कुरा हामीले अहिले सायद सोच्न पनि सक्दैनौं । यी सबै कुरा सूचना प्रविधिको विकासले गर्दा सम्भव भएका हुन् । तर हरेक राम्रो कुराले केही न केही नराम्रो कुरो पनि उब्जाएकै हुन्छ, त्यो संसारको नियम नै हो । त्यसैले सूचना प्रविधिको विकासले पनि केही नराम्रा कुरा निम्त्याएकै छ । सबैले तुरुन्तै अनुभव गरिरहेको कुरो हो कि विगत २ दशकयता मान्छे सामाजिक हुन छोडेका छन्, कम्प्युटर र मोबाइलमा धेरै समय बिताउँदा विभिन्न नयाँ बिरामीहरू बढेका छन् । बच्चाहरूको आनीबानीमा नकारात्मक प्रभाव परेको छ । तर ती समस्याभन्दा पनि अहिले विकराल रूप धारण गर्दै गरेको समस्या भनेको सूचना प्रविधिको कारणले ल्याएको वैयक्तिक स्वतन्त्रता र गोपनीयताका समस्याहरू हुन् ।

हामी अहिले इन्टरनेटमा यति धेरै आश्रित भएका छौं कि ठूला सहरमा बस्ने मानिसहरूको जीवन इन्टरनेटबिना चल्न असम्भव भइसकेको छ । त्यही निर्भरता आर्थिक क्षेत्रमा र अधिकांश देशका सरकारमा पनि छ । इन्टरनेटबिना अब कुनै बैङ्क पनि चल्न सक्दैनन् । अधिकांश सरकारहरूका सबै गोप्य सूचनाहरू इन्टरनेटमै हुन्छन् । कसैगरी कुनै गल्तीले गर्दा इन्टरनेटको सुरक्षामा कुनै त्रुटि भयो भने त्यसले विकराल समस्या निम्त्याउँछ । नेपालमा हालसालै भएको बैङ्क ह्याकिङ यसैको एउटा उदाहरण हो । देश देशबीचको टकरावमा कुनै तानाशाहले अन्य देशहरूका गोप्य सूचना र प्रविधिहरू हात पान सक्यो भने विश्व शान्तिमै पनि समस्या पर्न सक्छ । सरकारहरू बीचको टकराव र उनीहरूले गर्ने सुरक्षा त एकातिर भयो किनभने केही समस्या आयो भने सरकारले जसरी पनि समस्या समाधान गर्नैपर्छ । जनतालाई खासै ठूलो असर नपर्ला तर एउटा सामान्य नागरिकका लागि उसको व्यक्तिगत गोपनियता सायद त्योभन्दा बढी महत्त्वपूर्ण हुन्छ । तपाईंको लापरबाहीले गर्दा तपाईंको गोप्य कुरा बाहिर गएर त्यसले समस्या उत्पन्न गर्यो भने अथवा तपाईंको पैसा चोरी भयो भने त्यसको जिम्मेवार तपाई नै हुनुपर्छ, सरकारले चाहेर पनि केही गर्न सक्दैन । आजभोलि इन्टरनेटको माध्यमबाट हुने हरेक क्रियाकलापको निगरानी भइरहेको हुन्छ । अधिकांश मानिसले अवश्य पनि फेसबुक चलाउँछन्, युट्युबमा भिडियो हेर्छन्, 'गेम' खेल्छन् । सायद तपाईंले टुटल, फुडपण्डा, इ-सेवा आदि पनि चलाउनु हुन्छ होला । तपाईंले आफ्नो पैसा राखेको बैङ्कको एप पनि चलाउनु हुन्छ होला । ती सबै काम गर्दा तपाईंका व्यक्तिगत सूचनाहरू उनीहरूले सङ्कलन गरिरहेका हुन्छन् । अधिकांश माथिका एप चलाउँदा तपाईंले तिनमा दर्ता गर्नुपर्छ र आफ्नो व्यक्तिगत सूचना पनि दिनुपर्ने हुन्छ । ती सूचनाहरू तपाईंको नाम, लिङ्ग, वर्ष, ठेगाना, इमेल, फोन नम्बर बाहेक तपाईंको बैङ्कको खाता नम्बर पनि हुनसक्छ । त्यसको अलावा तपाईंले थाहा नपाउने गरी अधिकांश ती एपहरूले तपाईंले कुन ठाउँबाट ती एप चलाइरहनु भएको छ । कुन कम्प्युटर या मोबाइलबाट चलाइरहनु भएको छ भन्ने सूचना समेत सङ्कलन गरिरहेका हुन्छन् । तपाईंले विचार गर्नुभएको होला, युट्युबले ठ्याक्क ठ्याक्क तपाईंलाई मन पर्ने भिडियोहरू अगाडि ल्याएर राखिदिएको हुन्छ । यस्तो लाग्छ यिनीहरू हाम्रो मन बुझ्न ज्योतिषभन्दा पनि तगडा छन् । युट्युबको कुरा गर्दा हामीले कतिबेला कुन भिडियो हेर्छौं, कति समय हेर्छौं, हेर्दाहेर्दै बीचमा छोड्छौं या हेर्न लागेपछि पूरै भिडियो हेर्छौं, त्यो सबै क्रियाकलाप यसले ट्र्याक गरिरहेको हुन्छ । अनि केही समयसम्म त्यो सूचना ट्र्याक गरेपछि हामीलाई कति बेला के मन पर्छ भन्ने कुरा हामीलाई भन्दा युट्युबलाई बढी थाहा हुन्छ । त्यही अनुरूप यसले हामीलाई भिडियो पस्कन्छ । फेसबुक, गुगल र अन्य सबै चर्चित एपहरूले गर्ने पनि त्यही नै हो । यी एपहरूले यसरी नै हामीलाई ट्र्याक गरेर हाम्रा हरेक क्रियाकलाप सबै विश्लेषण गरेर हाम्रो बारेमा हामी आफूलाई भन्दा यिनीहरूलाई बढी थाहा भइसकेको हुन्छ । हामी कहाँ छौं, हाम्रा साथीहरू कोको हुन्, हामीलाई के मन पर्छ, हामी कतिबेला के गर्छौं, हाम्रा क्रियाकलापको अध्ययन गरेर यिनीहरूले सजिलै पत्ता लगाउन सक्छन् । त्यसैका आधारमा उनीहरूले हामीलाई मन पर्ने विज्ञापन हामीलाई देखाइरहेका हुन्छन् । एकातिर ती एपहरूले हाम्रो बारेमा हरेक कुरा थाहा पाएर त्यहीअनुसार जबर्जस्ती हामीलाई विज्ञापन पठाएर आफूले पैसा आर्जन गरिरहेका हुन्छन् भने अर्कोतिर हाम्रा व्यक्तिगत विवरणलाई अन्य कम्पनीहरूसँग ठूलो रकममा बेचेर या हाम्रो विवरणलाई भविष्यको आफ्नो नयाँ उत्पादन विकास गर्न विश्लेषण गरेर त्यसको फाइदा उठाइरहेका हुन्छन् । आजभोलिको यो सूचना प्रविधिको जमानामा हाम्रो व्यक्तिगत विवरण उनीहरूको लागि निकै नै मूल्यवान हुन्छ । नेपालमा सरकारले अझै पूर्णरूपले निगरानी गर्न नसके पनि अधिकांश देशका सरकारहरूले पनि नागरिकहरूको हरेक क्रियाकलापमा नजर राखिरहेका हुन्छन् । अझ चीन र रुस जस्ता वाक स्वतन्त्रता कम भएका देशहरूमा त तपाईं कहाँ जानुहुन्छ, कोसँग कुरा गर्नुहुन्छ, के कुरा गर्नुहुन्छ, के खानु हुन्छ, के हेर्नुहुन्छ, हरेक कुरा निगरानी भइरहेको हुन्छ । यस्तो अवस्थामा आफ्नो व्यक्तिगत गोपनियताको सुरक्षाका लागि ध्यान दिनु अत्यन्त जरुरी छ । के सूचना इन्टरनेटमा राख्ने के नराख्ने जस्ता कुराप्रति निकै सजग हुनुपर्छ । फेसबुकमा पूरै परिवार विदेश घुम्न गएको फोटो राखेर घरमा चोरलाई निमन्त्रणा दिएको कुरा त हामीले धेरै पहिले नै सुनेका हौं । त्यसको अतिरिक्त इन्टरनेटमा राखिएका तपाईंका र परिवारका सदस्यका तस्बिर र अन्य विवरणलाई उपयोग गरेर आपराधिक गिरोहले फाइदा उठाउन पनि सक्छन् । तपाईंले तस्बिर खिच्दा यदि ३ मिटर भन्दा कमको दूरीबाट खिच्नु भएको छ र त्यसमा तपाईंका हातका औंलाको हत्केलातिरको भाग पनि देखिएको छ भने त्यो तस्बिरबाट तपाईंको औंलाको रेखा सजिलै पढ्न सकिन्छ । आपराधिक तत्वहरूले त्यसको फाइदा उठाएर तपाईंलाई फसाउन पनि सक्छन । गोप्य तस्बिर र भिडियोहरू बाहिर आएर त्यसले उब्जाएको मानसिक दबाब खप्न नसकेर कतिपय मानिसले आत्महत्या गरेको पनि हामीले सुन्दै आएका छौं । त्योभन्दा उच्च जोखिम बैङ्क खाताको विवरणमा पनि हुन्छ । बच्चाहरूले थाहा नपाएर इन्टरनेटबाट जथाभावी सामान किनेर होस् या बैङ्क खाता ह्याक भएर होस् मानिसले आफ्नो पैसा गुमाएका समाचार समय समयमा आइरहेका हुन्छन् । त्यसैले कुनै पनि एपमा बैङ्क खाताको विवरण राख्नुभन्दा पहिले दुई पटक सोच्नु उपयुक्त हुन्छ । अझ हाम्रो जस्तो उच्च जोखिममा रहेको देशमा त देशभित्रका सरकारले मान्यता दिएका एप बाहेक अन्य एपहरूबाट टाढै बस्नु नै उपयुक्त हुन्छ । व्यक्तिगत विवरण, तस्बिर र बैङ्क खाता विवरण राख्दा मात्रै होइन तपाईंले इन्टरनेट चलाउँदा र यसलाई आफ्ना अन्य विवरणहरू दिँदा पनि निकै सजग हुनु आवश्यक भइसकेको छ । के थाहा कुन बेला कस्तो विवरणको दुरुपयोग गरेर अपराधीहरूले तपाईंलाई हानि गर्न सक्छन् किनभने उनीहरूका लागि तपाईंको हरेक विवरण सुनको अण्डा दिने कुखुरा जस्तै हो । अहिलेको सूचना प्रविधिको युगमा इन्टरनेटबाट टाढा बस्न र यसको निगरानीबाट पूरै पन्छन सम्भव छैन तर यसलाई चाहिने जति मात्रै प्रयोग गर्नु अनि अर्काको फाइदाका लागि भन्दा आफ्नो फाइदाका लागि प्रयोग गर्नु र यसका विसङ्गतिबाट जोगिनु नै हाम्रो बुद्धिमानी हुनेछ । रातोपाटी


## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।**

**२. साझँ पख सधै ज्वरो आउनु ।**

**३. खाना खान मन नलाग्नु ।**

**४. तौल(वजन) घट्नु ।**

**५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# खाद्य संस्थानको चामल उपभोग गर्ने घटे

मिसन न्युज
कालिकोट

सडक सञ्जालले जोडिएपछि कालिकोटमा खाद्य संस्थानको चामल उपभोग गर्नेको संख्यामा कमी आएको छ। स्थानीय बजारमा संस्थानको भन्दा स्तरीय चामल जताततै सहजै उपलब्ध हुन थालेपछि संस्थानको चामल उपभोग गर्नेको संख्या घट्दै गएको हो । कर्णाली राजमार्गको स्तरोन्नतिसँगै कालिकोटका ग्रामीण भेगसम्म सडक जोडिएपछि गाउँघरमै स्थानीय व्यापारीद्वारा बजारको खाद्यान्न उपलब्ध हुन थालेको छ । बढ्दो प्रतिस्पर्धाका कारण व्यापारीहरूले खाद्यकै मूल्यमा बजारको चामल गाउँघरमा बिक्री गर्दा संस्थानको चामल थन्किएको हो। संस्थान शाखा कार्यालयमा दसैंलाई लक्षित गरी गोदाममा जम्मा गरिएको करिब ६ सय क्विन्टल चामल भित्रिएको छ । जसमध्ये दसैंमा करिब दुई सय क्विन्टल मात्र चामल बिक्री हुन सक्ने आँकलन गरिएको छ ।

'दसैंका लागि जिल्ला भिऱ्याएको चामल हामीसँग पर्याप्त छ,' संस्थान शाखा प्रमुख निर्मल थापाले भने, 'गोदाममा थन्किएको चामल वैशाखसम्म पनि कट्दैन जस्तो छ, जिल्लामा खाद्य अपुग छैन ।' अहिले संस्थानमा ५ सय ६५ क्विन्टल चामल मौज्दात छ। संस्थानमा पाइने ६ प्रकारको चामलमध्ये जिरा मसिनो चामल प्रतिकेजी ६३ रुपैयाँ प्रतिकेजी, सोना मन्सुली प्रतिकेजी ४८ रुपैयाँ, उसिना मनसुली ४२ रुपैयाँ र जापानी चामल ४२ रुपैयाँ अरुवा मध्यम चामल ४६ रुपैयाँ र अरुण मोटो चामल ४५ रुपैयाँ प्रतिकेजी बिक्री हुँदै आएको छ। आर्थिक वर्ष २०७४/७५ मा थिर्पु डिपोमा ४५ सय क्विन्टल चामल बिक्री भएकोमा आर्थिक वर्ष २०७५/७६ मा घटेर १६ सय क्विन्टल चामल बिक्री भएको छ। यस्तै, तिलागुफाको खल्ला गाडामा अघिल्लो वर्ष ३ सय ६० क्विन्टल चामल बिक्री भएकोमा घटेर एक-एक सय १४ क्विन्टल चामल बिक्री भएको छ भने सदरमुकाम मान्मको कार्यालयमा गत



वर्ष २८ सय ६० क्विन्टल बिक्री भएकोमा यो वर्ष १७ सय २१ केजी चामल बिक्री भएको छ। कर्णाली प्रदेशका डोल्पा, जाजरकोट, हुम्लालगायतका जिल्ला र जुम्लाका ग्रामीण डिपोमा खाद्य अपुग भइरहेको बेला कालिकोटमा खाद्य संस्थानमा भने चामल थन्किएको छ । संस्थानमा थन्किएको चामल दसैंमा बिक्री हुने अपेक्षा गरिए पनि स्थानीयले डिपोको चामलमा रुचि देखाएका छैनन् ।

**दुर्गमका डिपोमा पुग्दैन चामल**

कालिकोटको ग्रामीण क्षेत्रका खाद्य डिपोमा समयमै चामल नपुग्दा स्थानीय हाट बजारमा महँगो मूल्यमा चामल खरिद गर्न स्थानीय बाध्य छन्। महावै गाउँपालिकाको पादमघाट, तिलागुफा नगरपालिकाको खल्लागाड र पलाता गाउँपालिकाको थिर्पु डिपोमा संस्थानको चामल नहुँदा स्थानीय बजारकै चामल खरिद गर्न बाध्य छन् । खाद्य संस्थाका प्रमुख थापाका अनुसार थिर्पु डिपोमा मोटो चामल हुनु पर्नेमा गत वर्षकै स्टक मसिनो चाम १ सय ७० क्विन्टल स्टके छ । अरू मोटो चामल अहिलेसम्म डिपोमा पठाउन सकिरहेको छैन । संस्थानको चामल सदरमुकामस्थित गोदाममा प्रशस्त थुप्रिएको छ तर ग्रामीण क्षेत्रको डिपोमा टेन्डर आह्वान गरेर ठेकेदारले समयमा चामल नपुऱ्याउँदा समस्या भएको उनले बताए । उनले भने, 'महावै गाउँपालिकाको पादमघाटमा एक वषदेखि कुनै पनि चामल छैन । पटक-पटक टेन्डर आह्वान गर्दा पनि ठेकेदारले चामल पुऱ्याउन सकिरहेका छैनन्। स्थानीय अहिले नजिकैको बजारमा महँगो मूल्यमा चामल किनेर खाइरहेका छन्। जिल्लामा भने टनाटन चामल थन्किएको छ ।' गाउँको डिपोमा चामल आउँदा बीच बाटोमै बिक्री हुने, डिपोमा पुगे पनि नजिकैका व्यापारीले बिक्रीमा राख्ने र समयमा चामल नपुग्ने भएकाले संस्थानको चामलप्रति स्थानीयको चासो घट्दै गएको महावैगाउँपालिकाका स्थानीय हर्कबहादुर सिंहले बताए । दुर्गम क्षेत्रका स्थानीयलाई मध्यनजर गर्दै डिपो स्थापना भएको भए पनि डिपोमा चामल ल्याउने क्रममा निकै लापरबाही हुने गरेको उनले गुनासो गरे ।

समयमै डिपोमा चामल नपठाउने तर जिल्लाकै लागि चामल अपुग नभएको संस्थान शाखाले दाबी गरेको छ। खाद्य संस्थान क्षेत्रीय कार्यालय नेपालगन्ज, राजापुर र सुर्खेतदेखि वार्षिक ९ हजार क्विन्टल चामल कालिकोट आयात हुँदै आएको छ। गाउँका खाद्य डिपोमा चामल अभाव भए पनि कालिकोटका केही स्थानीय तहले नेपालीहरूको प्रमुख चाडपर्व दसैं-तिहारलाई लक्षित गरी वडा वडामा चामल खरिद गरिसकेको जनाएका छन् । अन्न उत्पादनको हिसाबले अरू स्थानीय तहभन्दा कम उत्पादन हुने पलाता गाउँपालिकाले वडा वडामा दसैं र तिहारलाई लक्षित गरी चामल खरिद गरी वितरण गर्न लागिरहेको गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताए । उनका अनुसार चाडपर्वलाई लक्षित गरी ९ वटै वडामा रहेका विपन्न र शहीद परिवारहरूका लागि आवश्यक चामल खरिद गरिसकिएको छ । यस्तै, चामलको अभाव हुने महावैगाउँपालिकाले पनि चामल खरिद गर्ने अध्यक्ष नन्दबहादुर सिंहले बताए ।

स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाका
,कालिकोट

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

तिलागुफा नगरपालिका
कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## हार्दिक शुभकामना

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।

**हिन्दुहरूको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

**कासिचन्द्र बराल** (नगर प्रमुख)
**मिमसरा शाही (उशा)** (नगर उपप्रमुख)

### रास्कोट नगरपालिका कालिकोट

**जवानसिंह बम**
प्रमुख प्रशासकीय अधिकृत

**वडा अध्यक्ष**

नमराज संज्याल वडा नं. १
दयाराम सिम्खाडा वडा नं. २
देउसिंगे कुमाल वडा नं. ३
विनोदकुमार शाही वडा नं. ४
नरजंग शाही वडा नं. ५
टक्क फर्साल वडा नं. ६
अदलसिहं महतारा वडा नं. ७
कृष्णप्रसाद धमाला वडा नं. ८
डवल बोगटी वडा नं. ९



## हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

**हिन्दुहरूको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

**लक्ष्मणबहादुर बम (पलाती कान्छो)** (अध्यक्ष)
**दाना न्यौपाने** (उपाध्यक्ष)

### पलाता गाउँपालिका कालिकोट

**राजबहादुर बम**
प्रमुख प्रशासकीय अधिकृत

**वडा अध्यक्ष**

मानबहादुर भन्डारी वडा नं. १
वृद्धि कामी वडा नं. २
कर्णबहादुर रोकाया वडा नं. ३
ऐनराज महतारा वडा नं. ४
विरबहादुर बम वडा ५
रुपबहादुर रोकाया वडा नं. ६
बर्जबहादुर बम वडा नं. ७
पटक बम वडा नं. ८
टक्कबहादुर बम वडा नं. ९


# कर्णालीका कर्मचारीले नै रोजेनन् कर्णाली

पुनव बिसी
सुर्खेत

कर्णाली घर भई काठमाडौं कर्मथलो बनाएका कर्मचारी, पत्रकारलगायतसँग कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले भेटघाट गरे । सामान्य भेटघाट भनिएता पनि मुख्यमन्त्री शाहीको प्रमुख उद्देश्य प्रदेश बाहिर रहेका निजामति कर्मचारीलाई प्रदेश फर्काउन प्रेरित गर्ने थियो । तर, उनको त्यो योजना विफल भयो । जनशक्ति अभावका कारण थलिन थालेको कर्णालीमा कर्मचारीको रोजाइमा परेन् । कर्णालीकै कर्मचारीले कर्णाली नरोज्दा यहाँ जनशक्ति अभाव देखिएको छ ।

भौगोलिक विकटता, वृद्धिविकासको समस्याले पनि कर्मचारीको रोजाइमा कर्णाली नपरेको हो । कर्मचारी समायोजनका बेला संघीय सरकारले कर्णालीलाई एक हजार नौ सय ९२ जना कर्मचारी छुट्याएको थियो । अहिले यहाँ एक हजार तीन सय ३४ जना कर्मचारी कर्णालीमा आएका छन् । 'मुख्यमन्त्रीज्यूले हरेक सार्वजनिक कार्यक्रममा जनशक्ति अभावको विषय उठाइरहनुभएको छ,'



प्रमुख सचिव केवलप्रसाद भण्डारीले भने, 'कर्णाली ठेगाना भएका जनशक्ति त आउँलान् भनेको, तर उनीहरू नै कर्णालीमा आउन मानेनन् । उल्टो कर्णालीमा नजान राजनैतिक लविङ सुरु गरे ।' सोमबार वीरेन्द्रनगरमा पत्रकारहरूसँग कुरा गर्दै प्रमुख सचिव भण्डारीले कर्णाली प्रदेशवासीले समेत कर्णाली नरोजेकोमा दुःख व्यक्त गरे । उनले भने, 'आफ्नो प्रदेशको मायाले पनि जनशक्ति पाउँछौं भन्ने थियो । तर पनि कर्मचारीले कर्णाली रोजेनन् ।' कर्णालीमा जनशक्ति अभाव हुँदा कामकाज प्रभावित भएको उनको भनाइ छ । कर्णालीका लागि विज्ञापन गर्न संघीय सरकारमा समेत अनुरोध गरिएको थियो । तर मागअनुसार कर्मचारी नआउँदा समस्या भएको प्रमुख सचिव भण्डारी बताउँछन् । कर्णाली प्रदेशसभाले पारित गरेको लोकसेवा आयोगसम्बन्धीको विधेयकमार्फत् आवश्यक जनशक्ति ल्याउन सकिन्छ । तर प्रदेश सरकारको लोकसेवा गठन हुन सकिरहेको छैन । लोकसेवा गठन, परीक्षा प्रणालीलगायतका विषयमा समयमै काम हुन सके चार महिनाभित्र कर्मचारीको अभाव हटाउन सकिने उनले बताए ।

बजेट कार्यान्यवमा अख्तियारी नआएका कारण सम्बन्धित कार्यालयहरूले बजेट खर्च गर्न नसकेको भन्नु गलत भएको उनको भनाइ छ । उनले भने, 'बजेट शीर्षकअनुसार कानूनमा सम्बन्धित निकायको कर्मचारीले बजेट खर्च गर्न पाउने अधिकार छ । तोकिएको बजेट शीर्षकअनुसार कामकारबाही अगाडि बढाउन सकिन्छ । अख्तियारीको विषयलाई कानूनले नै पहिल्यै अख्तियारी दिइसकेको छ ।'


## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

हार्दिक शुभकामना
भविश्य उज्वलको लागि बचत गर्ने बानी बसालौं ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
मेगा बैंक नेपाल लिमिटेड
खाँडाचक्र नगरपालिका १, कालिकोट

हार्दिक शुभकामना
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

हार्दिक शुभकामना
रुख रोपौं , वन जोगाऔं ।
खानेपानीका मुहान सफा सुग्र बनाऔ ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
डिभिजन वन कार्यालय ,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# के हो आर्थोस्कोपी र पोलीट्रमा ?

**मिसन न्युज**
**स्वास्थ्य**

हाड जोर्नीको समस्यालाई सामान्य समस्याको रुपमा लिने गरिन्छ । किनभने नेपालमा हरेक व्यक्तिमा कुनै न कुनै समयमा हाड जोर्नीको समस्या हुने गरेको पाइन्छ । तर पहिले जस्तो हाड जोर्नीको समस्या भएमा थलिएर बस्नुपर्ने अवस्था अब छैन । नेपालमा हाड जोर्नीको उपचारका विभिन्न विधिहरु लोकप्रिय छन् । सँगै नयाँ नयाँ प्रविधिले पनि प्रवेश पाएका छन् । विदेशमा प्रचलित स्वास्थ्य सेवालाई नेपालमै उपलब्ध गराएको नेपाल मेडिसिटी अस्पतालले पनि हाड जोर्नीको उपचारमा नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै आइरहेको छ ।



### आर्थोस्कोपी

आज मानव शरीरका जोर्नीमा हुने कुनैपनि समस्याको सहज उपचार सम्भव छ। नयाँ नयाँ प्रविधि भित्रिएसँगै नेपालमा जोर्नीमा हुने समस्यामा उक्त उपचार पद्धतिको रुपमा विकास भएको एक पद्धति हो आर्थोस्कोपी । शरीरको कुनै पनि जोर्नीमा सानो प्वाल पारी त्यस प्वालको माध्यमबाट दुर्विन छिराएर जोर्नीको उपचार गर्ने प्रविधि नै आर्थोस्कोपी हो । दुर्घटनाको कारण वा मर्केर वा व्यायामको समयमा चोट लागेर जोर्नीमा समस्या भएमा (लिगामेन्टमा समस्या भएमा) आर्थोस्कोपी प्रविधिको प्रयोग गरिन्छ । नेपाल मेडिसिटीले आर्थोस्कोपीको माध्यम जोर्नीको उपचार गर्दै आइरहेको छ । सामान्य रुपमा भन्नुपर्दा घुँडाको चोट सबैको साझा समस्या नै हो । हिँड्दा, व्यायाम गर्दा, खेलकुदका क्रममा सहि सन्तुलन नहुँदा घुँडाको कुरकुरे हड्डी च्यातिन सक्छ । कतिजनाको घुँडा भित्रको नशा पनि च्यातिन सक्छ। त्यस्तो अवस्थामा त्यसको उपचार कहिले काँही अपरेशनबाट नै गर्नुपर्ने हुन्छ। ३० औं वर्षअगाडि घुँडालाई चिरेर, अपरेशन गरेर, च्यातिएको भागलाई सिलाउने वा निकाल्ने गरिन्थ्यो। त्यो निक्कै झन्झटिलो, पीडादायी र समय लाग्ने खालको हुन्थ्यो। तर आजभोलि त्यसो गरि बस्नै पर्दैन । दुरविनको प्रविधिबाट नै उपचार गर्न सकिन्छ, जुन सहज र कम पीडादायी हुने गर्छ । यसका लागि घुँडामा दुई वा तीन प्वाल पारेर दुरविनकाय न्त्रहरु भित्र पसाएर हेरिन्छ र अपरेशन यन्त्रहरु पनि प्रवेश गराएर अपरेशन गर्ने गरिन्छ । यो प्रविधिले अपरेशनलाई सहज बनाइदिएको छ । अझ भन्नुपर्दा यो प्रविधिले ठूलो अपरेशनलाई सानो बनाइदिएको छ ।

हार्दिक शुभकामना
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
खड्गराज सेजुवाल (अध्यक्ष) तारा न्यौपाने (उपाध्यक्ष)
पचालझरना गाउँपालिका कालिकोट
छक्क बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
वडा अध्यक्ष
रत्नलाल न्यौपाने वडा नं. १
करविरे विक वडा नं. २
लोगजंग कठायत वडा नं. ३
अनरुप रोकाया वडा नं. ४
देउमले नेपाली वडा नं. ५
धनपती बुढा वडा नं. ६
सर्पसिहं बोहोरा वडा नं. ७
डम्मरे कामी वडा नं. ८
जोरे तिरुवा वडा नं. ९

हार्दिक शुभकामना
उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा गहि स्वास्थ्य परिक्षण गराउँनुहोस् ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
नन्दबहादुर सिहं (अध्यक्ष) मनराज शाही (उपाध्यक्ष)
महावै गाउँपालिका कालिकोट
गणेशमान सिहं
प्रमुख प्रशासकीय अधिकृत
वडा अध्यक्ष
मनराज शाही वडा नं. १
गौंकला सिहं वडा नं. २
दानकला सिहं वडा नं. ३
विविशरण शाही वडा नं. ४
धर्मराज शाही शाही वडा नं. ५
रविन्द्रबहादुर शाही वडा नं. ६
सिहबहादुर शाही वडा नं. ७

हार्दिक शुभकामना
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
गगन फडेरा (सिर्जन) (प्रवक्ता)
नरहरीनाथ गाउँपालिका , कालिकोट


हार्दिक शुभकामना
एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
हिन्दुहरुको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।
टक्क फर्साल (बदला) (प्रवक्ता)
रास्कोट नगरपालिका,कालिकोट

# फोरजी सेवालाई क्षमताअनुरूप सञ्चालन गर्नुपर्छ : प्रधानमन्त्री ओली

मिसन न्यूज

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल टेलिकमले विस्तार गरेको हाई स्पीड इन्टरनेट ’फोरजी’ सेवालाई क्षमताअनुरूप सञ्चालन गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री ओलीले काठमाडौंमा भिडियो कन्फरेन्सबाट फोरजी सेवाको उद्घाटन गर्दै फोरजी सेवालाई क्षमताअनुरूप सञ्चालन गर्नुमा जोड दिएका हुन् । बुधबारबाट ३६ जिल्लामा एकसाथ फोर जी सेवाको शुभारम्भ भएको छ । प्रधानमन्त्री ओली र प्रदेश ७ का मुख्यमन्त्रीले भिडियो कन्फरेन्सबाट फोर जी उद्घाटन गरेका थिए । उनले भने, ‘अप्टिकल फाईबरको काममा ढिला गर्ने र राष्ट्रलाई नोक्सान पुर्याउनेलाई कारबाही गर्ने हुन्छ । समयमा काम गर्न सक्ने भए गर्न र नसक्ने भए छाड्ने ।’ यस्तै सुचना तथा संचार मन्त्री गोकुल बास्केटाले अप्टिकल फाईबरको काम तीव्र गतिमा गर्न निर्देशन दिए ।



# शरणार्थी परिवार जोगाउन सयौँको प्रदर्शन

एजेन्सी

अस्ट्रेलिया

एक श्रीलंकन शरणार्थी परिवारलाई आफ्नो देश फिर्ता पठाउने अस्ट्रेलिया सरकारको निर्णयविरुद्ध सयौँले प्रदर्शन गरेका छन् । ७ वर्षअघि डुंगाबाट अस्ट्रेलिया आएका श्रीलंकास्थित तमिल परिवार लाई अस्ट्रेलियाले केही दिनदेखि उनीहरुकै देश फिर्ता पठाउने प्रयास गरिरहेको छ । तर अनुसार उनीहरुलाई आफ्नो देशमा असुरक्षा महसुस गर्दै नादेशालिंगम र उनकी श्रीमती प्रिया सन् २०१२ र १३ मा अलगअलग डुंगामार्फत् अस्ट्रेलिया आएका थिए । अस्ट्रेलिया आएपछि उनीहरुको २ र ४ वर्षका २ सन्तानसमेत जन्मिइसकेका छन् । उनीहरुले अस्ट्रेलियामा बस्न पाउनुपर्ने माग गर्दै गरेको प्राय सबै दाबीहरु असफल भएपछि सरकारले फिर्ता पठाउने प्रक्रिया




उनीहरुलाई अस्ट्रेलियामै बस्न दिइनुपर्ने माग गर्दै अस्ट्रेलियाका विभिन्न शहरमा प्रदर्शन गरिएको छ । अस्ट्रेलिया आएपछि ब्रिसबनको दुर्गम क्षेत्र बाइलोइयामा बसोबास गर्दै आएका उनीहरुले अस्ट्रेलियामा स्थायी रुपमा बस्न पाउनका लागि दिएको निवेदन खारेज भएपछि फिर्ता पठाउने प्रक्रिया थालिएको हो । गत शुक्रबार उनीहरुलाई फिर्ता पठाउन लागिएको भएपनि अदालतले तत्काल उक्त प्रक्रिया रोक्न आदेश दिउपछि डार्बिनमा राखिएको थियो । तर उनीहरुलाई डार्बिनबाट शरणार्थीलाई राख्ने स्थान क्रिसमस आइल्याण्डमा पुर्‍याइएपछि विरोध प्रदर्शन थप चर्केको छ । उक्त परिवारलाई अस्ट्रेलियामा नै बस्न दिनुपर्ने माग गर्दै मेलबर्न, एडिलेडलगायत मुख्य शहरमा प्रदर्शन जारी छ । सञ्चारमाध्यमका सुरु गरेको थियो । तर उनीहरुलाई फिर्ता पठाउन नहुने भन्दै उनीहरुको समर्थनमा विभिन्न पहलहरु भइरहेको छ । अस्ट्रेलिया सरकारले भने उनीहरुको मुद्दा लामो समयदेखि व्यापक रुपमा मुल्यांकन गरिएको जनाउँदै उनीहरु अस्ट्रेलियाको सुरक्षा दायित्वभित्र नपर्ने बताएको छ । गृहमन्त्री पिटर डट्नले उनीहरुलाई आफूहरु शरणार्थी नभएको स्वीकार गर्न आग्रहसमेत गरेका छन् । विपक्षी दल लेबर नेता एन्थोनी अल्बानिजले प्रधानमन्त्री स्कट मरिसनलाई तमिल परिवारलाई फिर्ता नपठाउन आग्रहसमेत गरेका छन् । उनले प्रधानमन्त्री मरिसनलाई यस मामिलामा अध्यागमन मन्त्रीले हस्तक्षेप गरेर समस्याको सही निकास दिन आग्रह गर्दै मानवता नगुमाईकनै दह्रो सीमा राख्न सकिने बताएका छन् ।

हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं ।

**हिन्दुहरूको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्ष ाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

कृषि ज्ञान केन्द्रको कार्यालय,
कालिकोट

हार्दिक शुभकामना

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

**हिन्दुहरूको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

डम्वरबहादुर शाही (दिलिप) (अध्यक्ष)
होइजालीकुमारी बुढा (उपाध्यक्ष)

सान्नी त्रिवेणी गाउँपालिका कालिकोट

नेत्रराज शाही
प्रमुख प्रशासकीय अधिकृत

वडा अध्यक्ष

भरतकुमार विक वडा नं. १
विरजित बटाला वडा नं. २
कृष्णप्रसाद देवकोटा वडा नं. ३
अनिपाल धामी वडा नं. ४
नरेश बम वडा नं. ५
रंगराज सार्की वडा नं. ६
मणीप्रसाद सिम्खाडा वडा नं. ७
जनकराज खत्री वडा नं. ८
दुर्गा केसि वडा नं. ९

हार्दिक शुभकामना

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं ।

**हिन्दुहरूको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

खडानन्द चौलागाई (अध्यक्ष) पम्फा कुमारी शाही (उपाध्यक्ष)

शुभकालिका गाउँपालिका कालिकोट

वडा अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर बुढा मगर वडा नं. १
मानबहादुर शाही वडा नं. २
धनराज शाही वडा नं. ३
रामबहादुर शाही वडा नं. ४
केशनबहादुर शाही वडा नं. ५
कर्णबहादुर केसी वडा नं. ६
जनकबहादुर शाही वडा नं. ७
दीपक महतारा वडा नं. ८

हार्दिक शुभकामना

रुख रोपौं , वन जोगाऔं ।

खानेपानीका मुहान सफा सुगर वनाऔ ।

**हिन्दुहरूको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्ष ाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

*गणेशबहादुर शाही (अध्यक्ष)* *दर्व शाही (सचिव)*

*खाँडाचक्र नगरपालिका वडा नं. १, कार्यालय, कालिकोट*

हार्दिक शुभकामना

भर्खरै जन्मेका वच्चाहरुको जन्मदर्ता गराई

आफ्नो अधिकारको पालना गरौं ।

**हिन्दुहरूको महान चार्ड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्ष ाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौं ।**

अनरुप रोकाया (प्रबक्ता )

पचालझरना गाउँपालिका, कालिकोट

## विद्यालय नियमित ..................................

पूर्वाधार पनि पुगेको छैन । प्रशासनिक कामकाजका लागि वडामा आउन पनि समस्या छ । जोखिम मोलेर जंगार तरेर ओहोर-दोहोर गर्नुप्रर्दा स्थानीयले वर्षौंदेखि पुल निर्माणको माग गरेका थिए । 'वर्षौंदेखि यो समस्या थियो । तर स्थानीयको जिल्ला र केन्द्रसम्म पहुँच नहुँदा पुल निर्माण हुन सकेको थिएन,' वडा नम्बर ८ का अध्यक्ष राजेन्द विस्टले भने, 'अहिले जनप्रतिनिधि आएपछि विभिन्न संघसंस्था, नगरपालिका र श्रमदानबाट झोलुंगे पुल निर्माणको काम सम्पन्न भएको छ ।' कर्णालीमा झोलुंगपुल निर्माणको जिल्ला पाएको हुरेन्डेक नेपालले स्थानिय जनप्रतिनिधिहरुको आग्रहमा लालुको रगाडा खोलामा पुल भएपछि वषौं देखि जोखिम मोल्दै आएका स्थानिय पुल तरेर ओहर दोहर गर्न थालेका छन् । रगाडा खोला मात्र होइन यसै वर्षमा हुरेन्डेक नेपालले जिल्लाका विभिन्न क्षेत्रका खोलामा २१ वटा झोलुंगेपुल निर्माण गरेको छ ।

## कर्णालीमा लोप..................................

धनप्रसाद देवकोटाले बताए । कृषक गोरीकला रोकायाका अनुसार मार्सीमा ब्लास्ट जस्ता रोगको संक्रमणले गर्दा उत्पादन घट्दै गएको हो । व्यापारीका अनुसार बजारमा वार्षिक हजारौं मेट्रिकटन मार्सीको माग छ । तर, जिल्लाका कृषकले उत्पादन गरेको सबै मार्सी बिक्री हुँदैन । आफूलाई खाएर बचेको मात्रै मार्सी बेच्ने चलन छ ।


हार्दिक शुभकामना

नगरपालिका भित्र कोही कसैले जाड रक्सि खाएर होहल्ला गरेमा कानुन बोमोजिम कार्वाही गरिने छ ।

**हिन्दुहरुको महान चाडं विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्ष ाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।**

**पुष्पराज गिरी (प्रबक्ता)**

**खाँडाचक्र नगरपालिका , कालिकोट**



हार्दिक शुभकामना

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

**हिन्दुहरुको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।**

**रतनबहादुर शाही (नगर प्रमुख)** | **दन्ता नेपाली (दर्शना) (नगर उपप्रमुख)**

**तिलागुफा नगरपालिका कालिकोट**

**वडा अध्यक्ष** | **प्रमुख प्रशासकीय अधिकृत**

दलबहादुर कटुवाल वडा नं. १
दलसुर बोहोरा वडा नं. २
सुर्यबहादुर शाही वडा नं. ३
खड्कराज शाही वडा नं. ४
टिकाराम न्यौपाने वडा नं. ५
धर्मराज शाही वडा नं. ६
नेत्रबहादुर शाही वडा नं. ७
तिलक न्यौपाने वडा नं. ८
नरेन्द्रबहादुर रोकाया नं. ९
मनबहादुर थापा वडा नं. १०
रघुविर शाही वडा नं. ११



हार्दिक शुभकामना

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको सरं क्षण, एवं सदुपयोग गरौं ।

**हिन्दुहरुको महान चाड विजया दसैं तथा शभु दिपावली २०७६ सालको शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सु:ख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभु कामना व्यक्त गदर्छौ ।**

**धिरबहादुर विष्ट (अध्यक्ष)** | **मनसोभा बुढा (उपाध्यक्ष)**

**नरहरीनाथ गाउँपालिका कालिकोट**

**वडा अध्यक्ष** | **लाल बहादुर मल्ल प्रमुख प्रशासकीय अधिकृत**

पृथी विष्ट वडा नं. १
प्रेम दमाई वडा नं. २
टक्क विष्ट वडा नं. ३
नरबहादुर वोगटी वडा नं. ४
गगन फडेरा वडा नं. ५
तुलाराम विक वडा नं. ६
दलबहादुर विक वडा नं. ७
लोग विष्ट वडा नं. ८
जोरासिंह शाही वडा नं. ९



**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै www.missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत